# प्रदेश सरकार
## उद्योग,कृषि तथा सहकारी मन्त्रालय
### कोशी प्रदेश, विराटनगर, नेपाल

(प्रथम पटक प्रकाशित मिति: २०८२/०४/१४)

विषय: घर भाडामा लिने सम्बन्धी सूचना

यस मन्त्रालयको कर्मचारीको आवास प्रयोजनका लागि घर भाडामा लिनु पर्ने भएकाले, तपशिलका शर्तहरूको अधीनमा रही घर भाडामा दिन इच्छुक व्यक्ति वा संस्थाले आफ्नो घरको मासिक (घर बहाल कर सहित) भाडा दर अंक र अक्षरमा स्पष्ट उल्लेख गरी, कोशी प्रदेशको सार्वजनिक खर्च मापदण्ड तथा वित्तीय व्यवसाय सम्बन्धी निर्देशिका, २०७९ बमोजिम यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र यस मन्त्रालयमा निवेदन पेश गर्नुहुन सूचित गरिन्छ।

शर्तहरू:

- घर विराटनगर महानगरपालिकाभित्र वा यस मन्त्रालयबाट बढीमा १० किलोमिटरको दूरीमा हुनु पर्नेछ।
- घरको क्षेत्रफल कम्तीमा ८०० स्क्वायर फिटभन्दा बढी र कम्तिमा ८ वटा कोठा हुनु पर्नेछ। स्नानघर र शौचालयको व्यवस्था अनिवार्य छ।
- कम्पाउण्डभित्र कम्तीमा २ वटा हल्का सवारी साधन र ५ वटा दुईपाङ्ग्रे सवारी साधन पार्किङको सुविधा भएको हुनु पर्नेछ। साथै कम्पाउण्डमा बार लगाइएको र चारपाङ्ग्रे सवारी आवतजावत गर्न सक्ने बाटो भएको हुनु पर्नेछ।
- भूकम्प प्रतिरोधात्मक घरलाई प्राथमिकता दिइनेछ। झ्याल, ढोका, पर्खाल, गेट आदि मर्मत सम्भार भई रंगरोगन गरिएको हुनु पर्नेछ।
- पानी र बत्तीको राम्रो व्यवस्था हुनु पर्नेछ।
- घरमा कुनै प्रकारको झै-झगडा तथा मुद्दा मामिला नभएको हुनु पर्नेछ।

निवेदन दिदा संलग्न गर्नुपर्ने कागजातहरू:

- जग्गाधनी प्रमाण पुर्जाको प्रतिलिपि,
- जग्गाधनीको नागरिकताको प्रतिलिपि,
- पास गरिएको घर नक्साको प्रमाणपत्रको प्रतिलिपि,
- मालपोत कर बुझाएको रसिदको प्रतिलिपि,
- सम्पर्क व्यक्तिको नाम, ठेगाना, सम्पर्क नम्बर स्पष्ट रूपमा उल्लेख गर्नु पर्नेछ।

प्राप्त निवेदनहरूबाट मन्त्रालयले उपयुक्तताको आधारमा छनोट गर्नेछ।
म्याद नाघेका वा अपूरा प्रस्तावहरू स्वीकार गरिने छैनन्।
कुनै प्रस्ताव स्वीकार गर्ने वा नगर्ने सम्पूर्ण अधिकार मन्त्रालयमा सुरक्षित रहनेछ।
विस्तृत जानकारीका लागि कार्यालय समयमा मन्त्रालयको स्टोर शाखामा सम्पर्क राख्न सकिनेछ।
यस सूचनामा उल्लिखित विषयहरू प्रचलित नियम तथा कानून बमोजिम लागू हुनेछन्।